**नेपाल खाद्य संस्थान**
**प्रधान कार्यालय, भद्रकालीप्लाजा, काठमाडौं**
**बढुवा सम्वन्धी सूचना**
**सूचना प्रकाशित मिति :– २०७४।१०।१२**

नेपाल खाद्य संस्थानमा रिक्त रहेका देहायका पदहरुमा लोक सेवा आयोगबाट सहमति प्राप्त भए अनुसार कार्य क्षमताको मूल्याङ्कन तथा आन्तरीक प्रतियोगितात्मक लिखित परीक्षाद्धारा बढुवा गरी पद पूर्ति गरिने भएकोले कार्य क्षमताको मूल्याङ्कनद्धारा बढुवा गरिने पदमा २०७४ आषाढ मसान्तसम्म र आन्तरीक प्रतियोगितात्मक लिखित परीक्षाद्धारा पूर्ति गरिने पदमा दरखास्त दिने अन्तिम मितिमा बढुवा हुने तहको एक तह मुनिको पदमा संस्थानको विनियमावली २०६४(संशोधन सहित) को विनियम ४० बमोजिम न्यूनतम सेवा अवधि पुगेको र विनियम ४१ बमोजिम तोकिएको शैक्षिक योग्यता भएका सम्भाव्य उम्मेदवारहरुले तोकेको दरखास्त फाराम भरी आफ्नो शैक्षिक योग्यता, तालीम आदि प्रमाणपत्रको स्वयं प्रमाणित प्रतिलिपिहरु र आन्तरीक प्रतियोगितात्मक लिखित परीक्षामा सम्मिलित हुने उम्मेदवारहरुले आफू बहाल रहेको कार्यालय वा संस्थानको बैंक खातामा परीक्षा दस्तुर वापत रकम बुझाई सो को सक्कलै नगदी रसीद/ बैंक भौचर समेत संलग्न गरी मिति २०७४।१०।१२ गतेले ३५ दिन (२०७४ फाल्गुण १७ गते सम्म) यस संस्थानको प्रधान कार्यालय पदपूर्ति समितिमा आई पुग्ने गरी दरखास्त दिनु हुन सम्वन्धित सबैको जानकारीको लागि विनियम ४३ अनुसार यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र दरखास्त फाराम तथा अन्य आवश्यक कागजातहरु प्राप्त नभएको कारणबाट बढुवामा असर पर्न गएमा सम्वन्धित कर्मचारी नै जवाफदेही हुनु पर्ने व्यहोरा समेत जानकारी गराईन्छ । साथै आन्तरिक प्रतियोगिताको लिखित परिक्षा लोक सेवा आयोगद्धारा सञ्चालन हुनेछ र लिखित परिक्षाको कार्यक्रम पछि प्रकाशित गरिनेछ ।

**(क)** कार्य क्षमताको **मूल्याङ्कन बढुवाद्धारा पूर्ति गरिने पदहरुः–**

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| १/२०७४।०७५ | नायव महाप्रवन्धक | ११ | २ |
| २/२०७४।०७५ | विभागीय प्रवन्धक | १० | ५ |
| ३/२०७४।०७५ | सह विभागीय प्रवन्धक(प्रशासन) | ९ | ३ |
| ४/२०७४।०७५ | सह विभागीय प्रवन्धक(गुण नियन्त्रण) | ९ | १ |
| ५/२०७४।०७५ | सह विभागीय प्रवन्धक(कानून) | ९ | १ |
| ६/२०७४।०७५ | सहायक विभागीय प्रवन्धक(प्रशासन) | ८ | ४ |
| ७/२०७४।०७५ | सहायक विभागीय प्रवन्धक(सिभिल इञ्जिनियर) | ८ | १ |
| ८/२०७४।०७५ | सहायक विभागीय प्रवन्धक(कम्प्यूटर इञ्जिनियर) | ८ | १ |
| ९/२०७४।०७५ | वरिष्ठ अधिकृत(प्रशासन) | ७ | २ |
| १०/२०७४।०७५ | अधिकृत(प्रशासन) | ६ | ३ |
| ११/२०७४।०७५ | वरिष्ठ सहायक(प्रशासन) | ५ | २ |

**(ख) आन्तरीक प्रतियोगितात्मक लिखित परीक्षाद्धारा बढुवा गरिने पदहरु :–**

| विज्ञापन नं. | पद | तह | संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|
| १२/२०७४।०७५ | सह विभागीय प्रवन्धक(प्रशासन) | ९ | १ | ८००।– |
| १३/२०७४।०७५ | सहायक विभागीय प्रवन्धक(प्रशासन) | ८ | २ | ७००।– |
| १४/२०७४।०७५ | वरिष्ठ अधिकृत(प्रशासन) | ७ | १ | ७००।– |
| १५/२०७४।०७५ | अधिकृत(प्रशासन) | ६ | २ | ५००।– |
| १६/२०७४।०७५ | वरिष्ठ सहायक(प्रशासन) | ५ | २ | ४००।– |

**(ग) विशेष व्यवस्था अन्तर्गत समायोजन गरिने पदहरु :–**

| विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|
| १७/२०७४।०७५ | वरिष्ठ सहायक(प्रशासन) | ५ | १ |

सदस्य सचिव
पदपूर्ति समिति
नेपाल खाद्य संस्थान